

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १२६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ ६ गते आइतबार ❑ 19 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## संसदीय छानबिन समिति गठन गर्न दलहरु सहमत

**रासस**
काठमाडौं, ५ जेठ

सत्तारुढ गठबन्धन र प्रमुख प्रतिपक्षी दल संसद्को गतिरोध अन्त्य गर्न संसदीय छानबिन समिति गठनका लागि सहमत भएका छन् ।

शनिबार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सत्ता गठबन्धन र नेपाली कांग्रेसका शीर्ष नेताहरुबीचको छलफलले संसदीय छानबिन समिति गठन गर्न दलहरु सहमत भएका कांग्रेस प्रमुख सचेतक रमेश लेखकले जानकारी दिनुभयो । लेखकका अनुसार छानबिन समितिको कार्यादेश (टिओआर) भोलि आइतबार बिहान छलफलपछि टुङ्गो लगाइने छ । "सदनमा भइरहेको गतिरोध अन्त्यका लागि छानबिन समिति बनाएर जानुपर्छ भन्नेमा सकारात्मक छलफल भयो । सँगसँगै समितिको कार्यादेश के हुने भन्ने विषयमा पनि काम गर्ने कुरा भएको छ । समिति गठन गरेर जाने भन्नेमा सबै राजनीतिक दलहरुबीच समान धारणा बनेको छ । आजका लागि यसलाई उपलब्धीमूलक र सकारात्मक नै मान्नुपर्छ", लेखकले भन्नुभयो ।

छानबिन समितिको कार्यादेश निर्माणका लागि कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले सहजीकरण गर्ने र सबै दलका नेताहरु बसेर त्यसलाई मूर्तरुप दिइने पनि उहाँले बताउनुभयो । छानबिन समिति गठन गर्ने सहमति भएसँगै समितिको कार्यादेश निर्धारणका लागि तयारी थालिएको र भोलिको संसद् बैठक सहजरुपमा अघि बढ्ने विश्वास लिइएको उहाँको भनाइ छ ।

छानबिन समिति गठन गर्ने विषयमा आज चरणवद्धरुपमा छलफल भएको थियो । सुरूमा प्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड' ले सभामुख देवराज घिमिरे, नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओली, उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछाने, कानुनमन्त्री पदम गिरीलगायतसँग छलफल गर्नुभएको थियो । सभामुखसँगको छलफलपछि प्रधानमन्त्री दाहालसहित सत्तारुढ दलका नेताहरुले प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, महामन्त्री गगन थापा, प्रमुख सचेतक लेखकलगायतसँग छलफल गर्नुभएको थियो । उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछाने सहकारीको रकम हिनामिनामा मुछिएको विषयमा संसदीय छानबिन समिति गठन गरिनुपर्ने मागसहित कांग्रेसले संसद्मा अवरोध गर्दै आएको थियो ।

## उद्यमी महिलालाई आत्मनिर्भर बनाउन काम गर्छौं : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, ५ जेठ




गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले प्रदेश सरकारले उद्यमी महिलालाई आत्मनिर्भर बनाउन काम गर्ने बताउनुभएको छ ।

शनिबार पोखरामा सामाजिक उद्यमी महिला सञ्जाल नेपाल (सेवा नेपाल)ले गरेको प्रदेश स्तरीय समन्वयात्मक बैठक तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै उहाँले किसानले गरेको उत्पादनको बजार ग्यारेन्टी र वीमा लगायतको सुविधाको व्यवस्था सरकारले गर्ने खुलाउनुभयो । यसको सुरुवात आगामी आर्थिक वर्षको बजेटबाट गर्ने उहाँको प्रतिवद्धता थियो ।

'बजेट बनाउँदा किसानहरूले गरेको उत्पादनको मूल्य सके गण्डकी प्रदेशका ८५ वटै पालिकामा नभएपनि ११ जिल्लाका एउटा पालिकाको दरले बजारको ग्यारेन्टी हामी गर्छौं' उहाँले भन्नुभयो । मुख्यमन्त्री अधिकारीले सकेसम्म स्वदेशी कच्चा पदार्थबाट निर्माण गरिएका वस्तुको प्रयोग गर्न आग्रह गर्नुभयो । स्वदेशी वस्तुको प्रयोग गर्ने र प्रयोग गर्न उत्प्रेरित गर्नेलाई पुरस्कृत समेत गर्ने तयारी गरिएको जनाउनुभयो । 'सकभर आफ्नै उत्पादन प्रयोग गर्नुहोस्, मालामा र खादामा पैसा खर्च नगर्नुहोस्'उहाँको आग्रह थियो । महिला र पुरुषले पाउने श्रमको मूल्यमा समेत फरक देखिने गरेको भन्दै समान कामको समान ज्याला पाउनुनैपर्ने यदी कतै विभेद भएको भए कारवाही गर्ने प्रतिवद्धता जनाउनुभयो । विदेशी पुँजीको दबदबाको अन्त्य गर्न राष्ट्रिय पुँजी निर्माण गर्नुपर्ने आवश्यकता देखिएको उहाँले सुनाउनुभयो । जसका लागि केन्द्र सरकारले आवश्यक नीति बनाउनुपर्छ । 'नेपाली उत्पादनलाई सहुलियत दिनेछौं, बजारको व्यवस्था गर्नेछौं भनेर सरकारले नीति बनायो भने मात्र राष्ट्रिय पुँजी वृद्धि हुन सक्छ' उहाँले भन्नुभयो ।

सेवा नेपालकी अध्यक्ष पार्वती न्यौपानेको अध्यक्षतामा कार्यक्रम भएको थियो । सेवा नेपालमा ६ प्रदेशका २ सय ८४ सामाजिक उद्यमी महिला सहकारी साथै कृषि र पशुविकास सहकारी संस्थाहरू सदस्य रहेका छन् । कार्यक्रममा गण्डकी प्रदेशमा रहेका सेवा नेपालका सदस्यहरू सहभागी बनेका थिए ।

## समृद्ध नेपाल बनाउने सङ्कल्प एमालेले पूरा गर्छः उपाध्यक्ष पाण्डे

**पोखरापत्र संवाददाता**
बागलुङ, ५ जेठ

नेपाल कम्युनिष्ट पार्टी (एमाले) उपाध्यक्ष सुरेन्द्र पाण्डेले समाजवादको आधार तयार गर्नका लागि नगर, गाउँ कमिटीले स्पष्ट योजना र दृष्टिकोणसहित काम गर्नुपर्ने बताउनुभएको छ ।

एमाले काठेखोला गाउँ कमिटीको दोस्रो अधिवेशनको उद्घाटन कार्यक्रममा उहाँले वामपन्थी एकतासहितको एमालेले समृद्ध नेपालः सुखी नेपालीको सङ्कल्प पूरा गर्ने र त्यसका लागि 'मिसन २०८४' लाई योजनावद्धरूपमा अगाडि बढाउ आग्रह गर्नुभयो । उपाध्यक्ष पाण्डेले प्रत्येक निर्वाचनमा भएको कमीकमजोरीलाई समीक्षा गरी अघि बढ्न नेता कार्यकर्तालाई निर्देशनसमेत दिनुभयो । पूर्वअर्थमन्त्रीसमेतरहनुभएकापाण्डेलेमुलुकको अर्थतन्त्र उकास्न संस्थागत पहल, नीतिगत व्यवस्थासँगै समाजको प्रवृत्तिगत समस्या सुधारमा जोड दिनुभयो ।

कार्यक्रममा एमालेका पोलिटब्यूरो सदस्य मनकुमारी केसी जिसी, केन्द्रीय सदस्य तथा बागलुङ जिल्ला सह-इञ्चार्ज इन्द्रलाल सापकोटा, केन्द्रीय सदस्य तथा रिटर्नी फेडरेशन इञ्चार्ज डा सूर्य पाठक, बागलुङ जिल्ला कमिटीका अध्यक्ष हिराबहादुर केसी, नेपाली कांग्रेस काठेखोलाका अध्यक्ष ज्ञामदत्त कँडेल, राष्ट्रिय जनमोर्चा काठेखोला अध्यक्ष लक्ष्मण पुनलगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

## तनहुँमा पौडी खेल्ने क्रममा डुबेर दुई युवकको मृत्यु

**पोखरापत्र संवाददाता**
तनहुँ, ५ जेठ

तनहुँको बन्दीपुर-२ बट्टार स्थित सुलेरहमा शनिबार पौडी खेल्ने क्रममा डुबेर दुई युवाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालयले दिएको जानकारीअनुसार बन्दीपुर-६ बस्ने २० वर्षीय विनोद गुरुङ र सोही स्थानका अन्दाजी २० वर्षीय हीरा गुरुङको मृत्यु भएको हो ।

छजना साथी मिलेर पौडी खेल्न गएकामध्ये उनीहरूको डुबेर मृत्यु भएको प्रहरी निरीक्षक मोहनकुमार खड्काले जानकारी दिनुभयो । अन्य चारजना सकुशल रहेका छन् । मृतक दुवैको शव परीक्षणका लागि दमौली अस्पतालको शवगृहमा राखिएको उहाँले बताउनुभयो ।

## बेगनास तालको पर्यटकीय उपयोगका लागि पूर्वाधार विकासमा जोड दिनुपर्छः मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, ५ जेठ



गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले बेगनास तालको पर्यटकीय उपयोगका लागि पूर्वाधार विकासमा जोड दिनुपर्ने बताउनुभएको छ ।

बेगनास ताल धार्मिक तथा पर्यटन विकास संस्थाको चौथो वार्षिक साधारणसभाको आज उद्घाटन गर्दै उहाँले बेगनास तालको संरक्षणसँगै आवश्यक पूर्वाधार विकास गरी धार्मिक पर्यटकीय गन्तव्यकारूपमा अघि प्रदेश सरकारको पनि साथ रहने बताउनुभयो । "बेगनास ताल र आसपासका क्षेत्रमा पूर्वाधार विकासका कामहरू अघि बढिरहेका छन् । यसलाई धार्मिक धार्मिक पर्यटकीय गन्तव्यकारूपमा विकास गर्न थप काम गर्नुपर्ने आवश्यकता छ । विकासक्रममा आइपर्ने समस्यासँग डराएर नभै समाधान गर्दै अघि बढ्नुपर्छ । त्यसमा हाम्रो पनि साथ छ", मुख्यमन्त्री अधिकारीले भन्नुभयो । संस्थाका अध्यक्ष ध्रुबनाथ अधिकारीले लेखनाथ क्षेत्रका सात तालमध्ये ठूलो बेगनास ताल जल सम्पदा, प्राकृतिक सुन्दरता, जैविक विविधता एवम् साधनस्रोतका दृष्टिबाट महत्वपूर्ण सप्पदा भएकाले यसको संरक्षणमा सबैको सहयोग हुनुपर्ने बताउनुभयो । तालसँगै यहाँस्थित बराह मन्दिर र लक्ष्मीनारायण मन्दिरलाई समेटेर धार्मिक पर्यटकीय गन्तव्य बनाउने गरी पूर्वाधार निर्माण कार्य अगाडि बढाइएको उहाँको भनाइ थियो ।

"यस क्षेत्रको समग्र विकासका लागि विसं २०७५ साल मंसिरमा सञ्चालित महायज्ञमा सङ्कल्प गरिएका अधिकांश कामहरू सम्पन्न भइसकेका छन् । स्थानीयवासी, तीन तहका सरकारसँगको समन्वय र सहकार्यमा यस क्षेत्रलाई महत्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य बनाउने सोच राखिएको छ ।

त्यसैले यहाँहरू सबैको सहयोगको अपेक्षा छ", उहाँले भन्नुभयो । कार्यक्रममा पोखरा महानगरपालिका वडा नं ३१ का वडा अध्यक्ष ढकनाथ कँडेल, पोखरा विश्वविद्यालयका पूर्वउपकुलपति प्राडा इन्द्रप्रसाद तिवारी, लेखनाथ उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओझालगायतले बेगनास ता, बराह क्षेत्रलगायत धार्मिक गन्तव्यलाई पर्यटनसँग जोड्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

## चट्याङबाट बच्ने उपायः

- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङ्ग लगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थानमा नबसौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## राष्ट्रिय युवा संघ नेपाल कास्कीको संयोजकमा शंकर पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, ५ जेठ

राष्ट्रिय युवा संघ नेपाल कास्कीको ११ औं जिल्ला अधिवेशन २०८० माघ १२ गते उद्घाटन सत्र अन्त्य भई नेतृत्व चयनको प्रक्रिया सुरु भएपछि प्रतिनिधिको विषयमा विवाद उत्पन्न भई अधिवेशनको बन्द-सत्र स्थगित भएको थियो ।

राष्ट्रिय युवा संघ नेपाल, केन्द्रीय पदाधिकारी बैठक २०८१ वैशाख ३१ गते सोमबार बसेको बैठकले निर्णय बमोजिम कास्की जस्तो महत्वपूर्ण जिल्लामा संगठनको कमिटीलाई निष्कृय राख्न नसकिने र कमिटीलाई नियमित काममा फर्काउनु पर्ने परिस्थितिको मूल्याङ्कन गर्दै जिल्ला कमिटी कास्कीको काम व्यवस्थापन गर्नका लागि तत्कालीन


**बाँकी अन्तिम पृष्ठमा ▶▶**



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# राष्ट्रिय साइकल दौड : प्रकाश र उषा च्याम्पियन

**पोखरापत्र संवाददाता**
पोखरा, ५ जेठ

पोखरामा शनिबार सम्पन्न राष्ट्रिय साइकल दौड प्रतियोगिताको उपाधि पुरुषतर्फ प्रकाश थापामगर र महिलातर्फ उषा खनालले जित्नुभएको छ।

साइक्लिङको माध्यमबाट खेल पर्यटनको प्रवर्द्धन गर्ने उद्देश्यले पोखरा महानगरपालिका खेलकुद विकास समितिले राष्ट्रिय दौड प्रतियोगिता आयोजना गरेको हो । पोखरा -१७ र २१ भित्र तय गरिएको रुटमा च्यापिम्पयन बनेका दुबै जनाले जनही रु ५० हजार नगद, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्नुभयो । प्रकाशले निर्धारित २८ किमी दूरी एक घण्टा ३७ मिनेट १३ सेकेन्ड र उषाले निर्धारित २० किलोमिटर एक घण्टा ३९ मिनेट १० सेकेन्डमा पूरा गर्नुभएको थियो । प्रतियोगितामा पुरुषतर्फ एक घण्टा ३९ मिनेट २३ सेकेन्डमा दौड सकेर सुरज रानामगर द्वितीय र एक घण्टा ४३ मिनेट ५८ सेकेन्डमा सकेर हिमाल टमाटा तृतीय हुनुभयो । महिलातर्फ हुमी बुढा मगर द्वितीय र इन्द्रकुमारी तामाङ तृतीय हुनुभयो । बुढाले एक घण्टा ४० मिनेट ११ सेकेन्ड र तामाङले एक घण्टा ५९ मिनेट एक सेकेन्डमा २० किलोमिटर दूरी पार गर्नुभयो । प्रतियोगितामा द्वितीय र तृतीय हुने महिला-पुरूष खेलाडीले क्रमशः रु ३०/३० हजार र रु २०/२० हजार सहित मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्नुभयो । पुरुषतर्फ अनिल विक र महिलातर्फ सोफिया विक पोखरा च्याम्पियन बन्नुभयो । उहाँहरूले जनही रु १०/१० हजार मेडल र प्रमाणपत्र पुरस्कार पाउनुभयो । विजेता र सहभागी खेलाडीलाई गण्डकी प्रदेश सभा सदस्य भीमबहादुर कार्की, पोखरा-१७ का वडाध्यक्ष राधिका शाही योगी, कास्की जिल्ला साइक्लिङ सङ्घका अध्यक्ष शङ्कर भण्डारी लगायतले पुरस्कार वितरण गर्नुभएको थियो । पोखरा महानगरपालिका वडा नं १७ र कास्की जिल्ला साइक्लिङ सङ्घको सहआयोजना र नेपाल साइक्लिङ सङ्घको प्राविधिक सहयोगमा भएको प्रतियोगितामा पुरुष, महिला र 'रन फर फन' विधामा गरेर एक सय जनाभन्दा बढी खेलाडी सहभागी थिए । पोखरा-१७ पावरहाउसबाट सुरू भएको दौड महतगौँडा-दोबिल्ला झोलुङ्गे पुल हुँदै पोखरा-२१ फेदीपाटन-खर्सयाङ-निर्मलपोखरी-फेदीपाटन-दम्सादी हुँदै पावरहाउस पुगेर टुङ्गिएको थियो ।

# जिभिपि युके लण्डनले जित्यो क्लब स्तरीय भलिबलको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, ५ जेठ

नेपाल लोकतान्त्रिक खेलकुद संघ कास्कीले आयोजना गरेको क्लब स्तरीय पुरुष भलिबल प्रतियोगिताको उपाधि जिभिपी युके लण्डनले जितेको छ।

शनिबार सम्पन्न भएको फाइनल खेलमा जिभिपी युके लण्डनले जनकल्याण पोखरा-११लाई ३-१को सेटमा पराजित गर्दै उपाधी चुमेको हो । जिभिपी युके लण्डनले जनकल्याणलाई २५-२३,२३-२५,२५-२० र २५-१९ ले जितेको हो । उपाधी बिजेता जिभिपिले नगद १ लाख २० हजारसहित ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गऱ्यो । उपबिजेता जनकल्याणले नगद ८० हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गऱ्यो । यस्तै प्रतियोगितामा माछापुच्छे गाउँपालिका भलिबल सङ्घ तृतीय भएको छ । शनिबार भएको तेर्सो स्थानको खेलमा



माछापुच्छे गाउँपालिका भलिबल सङ्घले माछापुच्छे गुराँसे भुमेलाई ३-२ को सेटमा पराजित गर्दै तेस्रो भएको हो । माछापुच्छे गाउँपालिकाले गुराँसे भुमेलाई २५-२३,२५-२०,२१-२५ र २५-१६ ले जितेको हो । तेर्सो भएको माछापुच्छे गाउँपालिका भलिबल सङ्घले ४० हजार रुपैयाँ सहित ट्रि्फ मेडल र प्रमाणपत्र र सान्त्वना भएको माछापुच्छे गुराँसे भुमेले २० हजार रुपैयाँ प्राप्त गऱ्यो । जेठ २ गतेदेखि ५ गतेसम्म सञ्चालन भएको प्रतियोगितामा ९ टिमको सहभागिता रहेको थियो ।

प्रतियोगितामा उदियमान जनकल्याणका सन्तोष श्रेष्ठ, उत्कृष्ट ब्लकर जिभिपिका चिरण खड्का, सर्भर जनकल्याणका भुपेन गुरुङ, सेटर जिभिपिका देवेन्द्र परियार, लिब्रो जिभिपिका राजन दलार्मी मगर,स्पाइकर जनकल्याणका विष्णु श्रेष्ठ, उत्कृष्ट कोच जिभिपिका अशोक मल्ल र सर्वोत्कृट खेलाडी जिभिपिका उमेश सेन्चुरी चुनिए ।

# पृथ्वी राजमार्गको पूर्वी खण्डको पाँच महिना म्याद थप

**पोखरापत्र संवाददाता**
तनहुँ, ५ जेठ

विस्तारको क्रममा रहेको पृथ्वी राजमार्गको पोखरा मुग्लिन सडक विस्तारअन्तर्गत पूर्वीखण्डको म्याद पाँच महिना थप गरिएको छ।

निर्धारित समयमा काम सम्पन्न नभएपछि ठेक्का पाएको चिनियाँ कम्पनी चाइना कम्युनिकेसन कन्स्ट्रक्सन कम्पनीलाई काम गर्ने समय थप गरिएको हो । कोभिड-१९ को सङ्क्रमणले मजदुर परिचालनमा समस्या भएको, रुख कटान र विद्युत् पोल सार्ने आदेश ढिलो भएको लगायतका कारणले सडक विस्तार समयमा नै सम्पन्न गर्न नसकिएको मुग्लिन सडक पूर्वीखण्डका प्रमुख इन्जिनियर श्यामकुमार यादवले जानकारी दिनुभयो । म्याद सकिए पनि निर्माण कम्पनीले सडक विस्तार कार्य नरोकेपछि गत वैशाखदेखि लागू हुने गरी म्याद थप गरिएको उहाँले बताउनुभयो । थप गरिएको समयावधि २०८१ भदौ मसान्तमा सकिने छ । "सम्झौता सकिए पनि सडक विस्तार कार्य गरिरहेको पायौँ", प्रमुख इन्जिनियर यादवले भन्नुभयो, "त्यसैले पाँच महिनाको समय थप गरेका हौं ।" जामुनेदेखि आँबुखैरेनीसम्मको करिब ४२ किलोमिटरको पूर्वी खण्ड विस्तार गर्न विभिन्न स्थानमा करिब सात सय मजदुर खटाएर विस्तार कार्य तीव्र पारिएको निर्माणमा संलग्न कम्पनीले जनाएको छ । पूर्वी खण्डमा हालसम्म ५९ प्रतिशत कार्य प्रगति भएको आयोजनाले जनाएको छ । विसं २०७७ माघमा सम्झौता गरेर ठेकेदार कम्पनीले २०७८ वैशाखदेखि काम थालेको थियो । सो खण्ड विस्तार गर्न निर्माण कम्पनीले मादि नदीको पुलबाहेक रु ६ अर्ब २१ करोडमा ठेक्का पाएको हो । मादी नदीमा तीन सय १५ मिटर लम्बाइको पुल निर्माण गर्न रु एक अर्ब २१ करोड लागतमा छुट्टै ठेक्का लगाइएको छ । यस खण्डमा भत्काउनुपर्ने पाँच सय पाँच घरमध्ये अधिकांश भत्काइ सकिएको आयोजनाले जनाएको छ । पश्चिम खण्डअन्तर्गत पोखरा र दुलेगौँडासहित मुख्य बजार क्षेत्रमा करिब २० किलोमिटर खण्डमा ६ लेन रहने गरी ४६ मिटर फराकिलो, जामुनेदेखि कुम्ले खोलासम्म १८ मिटर र बाँकी सडकखण्ड २३ मिटर फराकिलो कायम रहने गरी कालोपत्र गरिने पश्चिम खण्डका आयोजना प्रमुख राजेश पौडेलले जानकारी दिनुभयो । रु सात अर्ब ४० करोड ४६ लाखको लागतमा निर्माण गर्न २०७८ जेठमा पश्चिम खण्डको ठेक्का सम्झौता चिनियाँ ठेकेदार कम्पनी एनहुइ केयुनन हाइवे एण्ड ब्रिजसँग भएको हो । सियाली विकास बैंक (एडिबी) को सहुलियत ब्याज ऋण सहयोगमा मुग्लिन पोखरा सडक विस्तार गरिएको हो । अधिकांश क्षेत्रमा सडक दुईतर्फी २५ मिटरको हुनेछ । बाक्लो बस्ती भएको स्थानमा ४१ मिटर चौडाइको सडक बन्नेछ भने तनहुँको दमौली र डुम्रे बजार क्षेत्रमा ४१ मिटर फराकिलो हुनेछ । अति जनघनत्व रहेका क्षेत्र दुलेगौँडाबाट खैरेनीटार बजारसम्म, कोत्रे बजार क्षेत्र र कास्कीको गगनगौँडाबाट पोखरासम्म सडकको चौडाइ ४६ मिटरको हुने आयोजनाले जनाएको छ।

## राष्ट्रिय... ...

कमिटीका उपाध्यक्ष शंकर पौडेलको संयोजकत्वमा जिल्लाका ५ पालिका कमिटी अध्यक्षहरू सहित ३ निर्वाचन क्षेत्रवाट १/१ जना महिलाको ३३ प्रतिशत महिला सहभागिता अनिवार्य बनाई प्रतिनिधित्व रहने गरी ९ सदस्यीय आयोजक कमिटी बनेको छ। पत्रको मिति अनुसार ३ महिनाभित्र सम्मेलन सम्पन्न गर्न केन्द्रिय कमिटीले निर्देशन गरेको छ। केन्द्रीय पदाधिकारीको बैठकको निर्णय कार्यान्वयन गर्न गराउन संगठनका सम्पूर्ण नेता कार्यकर्ताहरुमा निर्देशन गरिएको छ। अधिवेशन सम्पन्न गर्नका लागि पालिकाका अध्यक्षहरू आयोजक कमिटी सदस्य रहने छन् । पोखरा महानगरपालिकामा प्रदिप गुरुङ, मादी गाउँपालिकामा उमेश गुरुङ, रुपा गाउँपालिका सुजन श्रेष्ठ, माच्छापुछे गाउँपालिकामा दल बहादुर लामिछाने, अन्नपूर्ण गाउँपालिकामा शिव सुवेदी, महिला सदस्यहरुमा निर्वाचन क्षेत्र नं. १ मा करिया बराल, निर्वाचन क्षेत्र नं. २ मा रिना थापा, निर्वाचन क्षेत्र नं. ३ मा सुवानी पौडेल लाई जिल्लाको आयोजक कमिटी सदस्य रहने महासचिव सुजन पुरीद्वारा हस्ताक्षर भएको केन्द्रको पत्रमा उल्लेख गरिएको छ।

# शिक्षकहरु लक्षित ह्याण्डबलको ५ दिने प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ५ जेठ

शिक्षकहरु लक्षित ५ दिने ह्याण्डबल प्रशिक्षक/प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ।

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजना तथा प्रदेश खेलकुद परिषद गण्डकीको व्यवस्थापनमा गत जेठ १ गते देखि पोखरामा सञ्चालन भएको उक्त प्रशिक्षण शनिबार सम्पन्न भएको हो । विद्यालयस्तरमा ह्याण्डबल खेलको विकास संगै यूवा खेलाडी उत्पादन गर्ने उद्धेश्यका साथ समापन कार्यक्रममा प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरुङले सहभागिहरुलाई प्रमाणपत्र वितरण गरे । सो अवसरमा बोल्दै उपाध्यक्ष गुरुङले गण्डकी प्रदेशको ह्याण्डबलको बलियो उपस्थितीलाई अझै बलियो बनाउन प्रशिक्षण कार्यक्रम प्रभावकारी हुने बताउँदै आफूले सिकेको शिपको सदुपयोग गर्दै यूवा खेलाडी उत्पादन, ह्याण्डबलको विकास र प्रवर्द्धनमा खर्च गर्न आग्रह गरे । प्रदेश खेलकुद परिषदले सबै खेलको विकासका लागि विभिन्न कार्यक्रमहरु अघि सारेको जनाउँदै खेलकुदलाई प्रविधिमैत्री बनाउन समेत जोड दिए।

उपाध्यक्ष गुरुङले समाज रुपान्तरण र संस्करयूक्त समाज निर्माणको अभियानमा खेलकुद अपरिहार्य रहेको उनको भनाई थियो। प्रदेश खेलकुद परिषदका सदस्य एवं गण्डकी प्रदेश ह्याण्डबल संघका अध्यक्ष केशव पाठकको अध्यक्षतामा भएको समापन कार्यक्रममा प्रदेश खेलकुदका सदस्य एवं प्रदेश ह्याण्डबलका उपाध्यक्ष गिरमान गुरुङ, महासचिव राजेन्द्र पहाडी, प्रशिक्षार्थी शिक्षक सुरेन्द्रराज धितालले आफ्ना भनाई राखेका थिए । पाँच दिन सम्म सञ्चालन भएको प्रशिक्षणमा प्रशिक्षकहरु राम बहादुर क्षेत्री, चित्र बहादुर थापा, विशाल बस्नते, विशाल नेपालीले प्रशिक्षण दिएका थिए। उक्त प्रशिक्षणमा कास्कीसहित विभिन्न ७ जिल्लाका ४० जना खेल शिक्षकहरुको सहभागिता रहेको थियो । प्रदेश ह्याण्डबल संघले पोखरामा यहि जेठको तेस्रो साता सम्म प्रदेशस्तरीय महिला तथा पुरुष ह्याण्डबल प्रतियोगिताको तयारी समेत गरेको छ।


**कृषक वर्गमा अनुरोध**


कृषि तथा भूमि व्यवस्था मन्त्रालय



**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१0, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. 0६१-४३२२४२, ९८४६0६८८0६



**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पक:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# सदनको गत्यावरोध अन्त्य गर्ने सहमति

संसद्मा लामो समयदेखि जारी गतिरोध अन्त्य हुने भएको छ । शनिबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको सत्तारुढ दल र प्रतिपक्षी दलहरूबीचको बैठकले संसदीय छानबिन समिति बनाउने निर्णय गरेसँगै अवरुद्ध संसद् खुल्ने भएको छ । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सहकारी प्रकरणमा नामै किटेर गृहमन्त्री रवि लामिछानेको संलग्नता रहेको भन्दै समिति बनाउनुपर्ने माग राख्दै आएको थियो । सो माग पूरा नगरेको भन्दै संसद्को कार्यसूची प्रभावित पार्दै आएको कांग्रेस प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँगको छलफलपछि सहमतिको बिन्दुमा पुगेको छ । बिहीबारै बनेको सहमति प्रतिनिधि सभा बैठकमा काङ्ग्रेसले नमानेपछि सत्तारूढ र प्रतिपक्षी बीचमा धकेला धकेल हुन पुगेको थियो । काङ्ग्रेस भित्रको अन्तरद्वन्द्वले गर्दा सदन बन्द हुने त होइन भन्ने अवस्था आउन लागेको थियो । सरकारले अधिवेशन अन्त्य गरेर अध्यादेशबाट बजेट ल्याउने आशंका बढेपछि सहमतिमा पुग्न प्रमुख दलहरु लचक भएका हुन ।

कांग्रेस नेताहरूले प्रधानमन्त्रीसँगको छलफल सकारात्मक भएको बताएका थिए। सोही सकारात्मक वार्ताको सन्देशसहित प्रधानमन्त्री प्रचण्डले दिउँसो सभामुख देवराज घिमिरे, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, गृहमन्त्री लामिछानेसँग छलफल गरे । छलफल चलिरहँदै प्रधानमन्त्रीले फोन गरेर कांग्रेस नेताहरूलाई बालुवाटार बोलाएका थिए। बालुवाटारमा झण्डै ४ घन्टा लामो छलफलपछि समिति बनाउन दलहरू सहमत भएका छन । कांग्रेस प्रमुख सचेतक रमेश लेखकका अनुसार, समितिको प्रतिवेदनमा उल्लेख हुने कार्यादेश (टीओआर) बारे भोलि बिहानैबाट नेताहरू गृहकार्यमा जुट्नेछन् । 'टीओआरमा भोलि बिहानैदेखि काम हुन्छ । साथीहरू बसेर छलफल गर्नुहुन्छ,' उनले भने । यसअघि कांग्रेस बिहीबार दिउँसै समिति बनाउने र कार्यदेशबारे छलफल गर्नुपर्ने निष्कर्षमा थियो। तर, अन्तिम अवस्थामा कार्यादिशमा व्यक्ति केन्द्रीत हुन नहुने रास्वपा उपसभापति डा. स्वर्णिम वाग्लेको अडानपछि सहमति भाँडिएको थियो। वाग्ले कांग्रेस सांसद जीवन परियारसँग छलफलमा बसेका थिए ।

शनिबार भने ४ जना टीओआर बनाउने कार्यदलमा रहनेगरी सहमति जुटेको छ। कार्यदलको नेतृत्व कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले गर्नेछन् । जसमा रास्वपाका तर्फबाट सांसद शिशिर खनाल, नेपाली कांग्रेसका तर्फबाट सांसद जीवन परियार, नेकपा एमालेका तर्फबाट महेश बर्तौला कार्यदलमा हुनेछन् । यसअघि भएकै सहमतिको ड्राफ्टमा केही संशोधनसहित नेताहरूबीच सहमति जुटेको हो । अब आइतबार बिहानैबाट कार्यादेशबारे छलफल हुने र ११ बजेको संसद्मा कांग्रेसको अवरोध हट्ने विश्वास नेताहरूले लिएका छन् । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले संसद् अवरोध गर्दै आएको थियो । कांग्रेसले संसद् अवरोध गरेपछि संवैधानिक संकटसमेत आउन सक्ने चर्चाका बीच शनिबार दलहरूबीच सहमति जुटेको हो ।

गत जेठ १ गते राष्ट्रपतिबाट संसद्को दुवै सदनमा प्रस्तुत नीति तथा कार्यक्रम पास, प्रधानमन्त्रीले सोमबार लिने विश्वासको मत र आगामी जेठ १५ गते प्रस्तुत गर्ने बजेट लगायतका काम अब सहज हुने भएका छन्।प्रतिपक्षमा बस्नेले राज्यका निकायले गर्ने अनुसन्धानमा विश्वास नगरी संसदीय र न्यायिक छानबीन समिति बनाउन दबाब दिने र सरकारमा रहनेले राज्यका निकायलाई विश्वास गरौं भन्ने दोहोरी चलीरहेको छामाग गर्नेको लाज जोगाउने टालो संसदीय समिति र सत्तामा बस्नेले अमुक अमुक फाइल खोलौ भनेर तर्साउने, धम्की दिने र बार्गेनीङ गर्ने अस्त्र बनेको छा राज्यका निकायले स्वतन्त्रतापूर्वक काम गर्न पाउने र तीनैलाई विश्वासिलो बनाउन नसकेसम्म सदन अवरुद्ध पार्ने र संसदीय समिति बनाउन दबाब दिने श्रृङ्खला जारी रहनेछ ।

# बालअधिकारसम्बन्धी १२ बुँदे घोषणापत्र जारी

**पोखरापत्र संवाददाता**
म्याग्दी, ५ जेठ

बेनीमा शनिबार सम्पन्न जिल्लास्तरीय बाल भेलाले बालअधिकारसम्बन्धी १२ बुँदे घोषणापत्र जारी गरेको छ । सामाजिक विकास कार्यालयको आयोजनामा दुई दिनसम्म सञ्चालन भएको भेलाले पदाधिकारीहरूमा छात्राहरू रहेको जिल्लास्तरीय बाल सञ्जाल पनि गठन गरेको छ ।

संयुक्त राष्ट्रसङ्घको मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र र नेपालको संविधानले गरेको बालबालिकाको मौलिक हकको ब्यवहारिक कार्यान्वयनका लागि सरोकारवालालाई दबाब दिन र ध्यानाकर्षण गराउन घोषणापत्र जारी गरिएको सामाजिक विकास कार्यालयका प्रमुख रमेश थापाले बताउनुभयो । बालबालिकाको पहिचानसहित नामकरण र जन्मदर्ताको हकलाई पूर्ण कार्यान्वयन गर्नुपर्ने, राज्यबाट प्रत्येक बालबालिकाले पाउने उचित शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हकको सुनिश्चितता गर्न अनुरोध गरेको छ । राज्यका नीति, योजना, बजेट तथा कार्यक्रमको तर्जुमादेखि त्यसको लाभको बाँडफाँटलगायतका सम्पूर्ण चरणमा बालबालिकाको सहभागिता सुनिश्चित गर्नुपर्ने, बाल श्रमशोषणको अन्त्य, जोखिममा रहेका बालबालिकालाई राज्यको संरक्षण, बालमैत्री स्थानीय शासनका ५१ वटा सूचकहरूको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहको ध्यानाकर्षण गराएको छ।

बालबालिकामाथि गर्भमै गरिने लैङ्गिक विभेद अन्त्य गर्न र बालबालिकासम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरेबमोजिमको स्थानीय तहमा बालअधिकार समिति गठन गर्न र बालकल्याण अधिकारी तोक्न र बाल संरक्षणसम्बन्धी मापदण्ड बनाउन माग गरेको छ ।

भेलाले मुक्तिधाम माविकी रेजिना भण्डारीको अध्यक्षतामा जिल्ला बाल सञ्जाल गठन गरेको छ । सञ्जालको पदाधिकारी सबै छात्रा रहेका छन् । उपाध्यक्षमा मङ्गला माविकी प्रजिता खत्री, सचिवमा लिटिल गार्डेनकी मुस्कान भण्डारी, कोषाध्यक्षमा प्रभा माविकी पद्मा फगामी र सहसचिवमा जनप्रिय माविकी रश्मि जैसी चयन हुनुभएको छ।

# लक्ष्मीनारायण टोल विकाश संस्थाको साधारणसभा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ जेठ




लक्ष्मीनारायण टोल विकाश संस्था, पोखरा १३ आर्वाको साधारण सभा शनिवार सम्पन्न भएको छ ।

पोखरा महानगरपालिका वडा नं १३ का वडा अध्यक्ष कीरण बरालको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा अध्यक्ष बरालले आगामी आर्थिक वर्षमा आर्वाका करीब ९० प्रतिशत सडकहरु कालोपत्रे (पिच ) गर्ने जानकारी दिए । उनले समग्र आर्वाको विकाशमा विभिन्न कामहरु गर्दै आएको भन्दै आफ्नो कार्यकाल भित्र आर्वाको मुहार फेरिने गरी विकाशको योजना अगाडी सारेको फेयरिस्त सुनाए। टोल विकास संस्थाहरुले पनि विकाशको योजनामा आ–आफ्नो ठाउँबाट साथ दिनु पर्ने बताए । लक्ष्मीनारायण टोल विकास संस्थाका अध्यक्ष अशोक बरालको अध्यक्षतामा भएको कार्यक्रममा अध्यक्ष बरालले आफ्नो टोलमा एक वर्षको अवधिमा गरेका कामको विवरण प्रस्तुत गर्दै सडक बत्ती जडान, टोल सरसफाई, मठ मन्दिर, कुवा चौतारीको मर्मत तथा निर्माण लगायतका विभिन्न सामाजिक कामहरु गरिएको प्रतिवेदन प्रस्तुत गरेका थिए । सभापत सभामा श्री मोहरपानी आदर्श टोल विकास संस्थाका अध्यक्ष पत्रकार श्रीराम सिग्देलले टोल विकाश सस्था र वडा कार्यालय बिच विकाश निर्माण लगायत विभिन्न विषयमा समन्वय गरेर काम गर्ने वातावरण बनाउन आग्रह गरे । उनले आर्वाका धेरै भाग अझै पनि विकाश निर्माणमा पछाडी परेको भन्दै वडा महानगरले यस्ता ग्रामीण क्षेत्रलाई प्राथमिकताका आधारमा बजेट छुट्याएर विकाश निर्माणमा ध्यान दिनुपर्ने बताए । कार्यक्रममा लक्ष्मीनारायण टोल विकास संस्थाका पूर्व अध्यक्ष बिष्णु प्रसाद बराल, संस्थाका सल्लाहकार बसन्त शर्मा अधिकारी, वास्थला गनगने पँधेरा खोला खानेपानी तथा सरसफाई उपभोक्ता समितिका निवर्तमान अध्यक्ष नरबहादुर बराल, लगायतले टोल विकाश संस्थाहरुको भूमिका काम कर्तब्य अधिकारका विषयहरुमा आ आफ्ना धारणा राखेका थिए ।

साधारण सभामा कोषाध्यक्ष कृष्ण अधिकारीले कोषाध्यक्षको प्रतिवेदन पेश गरेका थिए। कार्यसमिती सदस्य रमा भुजेलले स्वागत तथा सचिव नवराज बरालले कार्यक्रम सञ्चालन गरेका थिए। सो अवसरमा लक्ष्मीनारायण टोल विकाश संस्था तथा प्रसिद्ध लक्ष्मीनारायण मन्दिर निर्माणमा योगदान पुर्याउने बिभिन्न ब्यक्ती तथा संघ संस्थाहरुलाई सम्मानित गरिएको थियो ।

# कृषि सञ्जाल पोखरा वडा नं- ६ द्वारा प्राङ्गारिक मल कम्पोष्ट बिन र कुटो वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, ५ जेठ



पोखरा महानगर पालिका वडा कृषि सञ्जाल पोखरा वडा नं- ६ले घरेलु फोहोर ब्यवस्थापन कौशी करेशा खेति सहजिकरण तथा प्राङगारिक मल कम्पोष्ट बिन तथा कुटो वितरण गरेको छ । वडा स्तरीय बजेट र महनगर पालिकाको प्राविधिक सहयोगमा उक्त कार्यक्रको आयोजना गरिएको थियो ।

पोखरा महानगर पालिका वडा न ६ मा स्थित आमा समुह , टोल विकास संस्था र स्थानिय संघ संस्थाका करिब दुइ सय पचास जना सदस्यहरुलाई शनिबार एक कार्यक्रमका आयोजना गरि उक्त सामाग्रिहरु वितरण गरीएको थियो ।

करिब एक लाख पचास हजार मुल्य बराबरका कम्पोष्ट विन , फलामे कुटो र प्राङगारिक मल बितरण गरिएको कृषि सञ्जाल बैदामका अध्यक्ष तथा २०८०का कौषि खेति क्विन भावना राणाभाटले बताइन । कार्यक्रमको उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि एवंम पोखरा महानगर पालिका वडा नं - ६ का वडा अध्यक्ष विष्णु बहादुर भट्टराईले घर बाट निस्कने कुहिने फोहर लाई कम्पोष्ट मलको रुपमा प्रयोग गर्ने सकेमा पोखराका घरबाट निस्कने फोहर केही हद सम्म कम हुने बताए । फोहोर कम्पोष्ट मल बनाइ लाई मल आफ्नै कौशि र करेसा बारीमा प्रयोग गरि तरकारी उत्पादन गर्ने जोड दिए । अर्गानिक तरकारी खान पनि पाइने फोहोर पनि ब्यवस्थापन हुने हुदा हामी सबैले प्राङगारिक मल बनाउन तर्फ लाग्न आग्रह गरे । पोखरा महानगर पालिका कृषि शाखा प्रमुख मनोज कडरिया ले घरबाट निस्कने कुहिने फोहोर लाई उचित ब्यवास्थापन को लागि कम्पोष्ट मल उत्पादन नै प्रमुख आधार रहेको बताए । उनले कम्पोष्ट मल उत्पादन गरि कौशि र करेसा बारी खेतिमा प्रयोग गर्ने सकेमात्र हामीहरुले अर्गानिक तरकारी खान पाउने सुनाए ।

बर्तमान अवस्थामा हामीहरुले प्रयोग गरिरहेको तरकारीहरु बिषादी मिसिएको हुनाले त्यस तर्फ ध्यान दिन आग्रह गर्दे, आफैले प्राङगारिक मल उत्पादन गरि कौशिखेति र करेसा बारीमा बिषादि रहित तरकारी उत्पादन गर्न जोड दिए । २०८०का कौषि खेति क्विन तथा अध्यक्ष भावना राणाभाटले माटोको उर्वरा पनि बढाउने र कम पानिले पनि सिचाइ गरि उत्पादन बढने हुनाले हामी सबै कम्पोष्ट मल उत्पादन गर्ने तर्फ लाग्न आग्रह गरिन । स-सचिव चन्द्रकला घिमिरे पहारीले बजारमा अर्गानिक उत्पादित बस्तुको माग धेरै भएको हुनाले, आफ्नै कौषि र करेसा बारीमा अर्गानिक बस्तु उत्पादन गरि आएआर्जन माध्यम बनाउन सुझाब दिइन ।

अध्यक्ष भावना रानाभाटको सभाअध्यक्ष भएको कार्यक्रममा उपाअध्यक्ष रामेश्वर न्यौपाने, पोखरा महानगर पालिका वडा नं-६का वडा सदस्य तथा कृषि सञ्जालका संयोजक बासु बराल, पोखरा महानगर पालिका वडा नं-६ वडा सदस्य शोभा जलारी, कृषि सञ्जाल वडा न ७ अध्यक्ष पंकज पौडेल, नागरिक समाज कास्कीका पूर्व अध्यक्ष विष्णुहरी अधिकारी, अन्नपूर्ण आमा समुह बैदामका अध्यक्ष रेणु लामिछाने,सल्लाहकार गिरीराज अधिकारी र कौशि क्विन उप विजेता तथा कृषि सञ्जाल वडा नं- ८ संयोजक कान्ति अधिकारी लगाएतका बक्ताहरुले घरबाट निस्कने फोहोर ब्यवस्थापन हुने र कम्पोष्ट मल पनि बन्ने हुनाले यस्ता कार्यक्रमहरु लाई ससाजमा प्रचार प्रसार गरि महत्व बुझाउन आयोजकलाई आग्रह गरेका थिए ।

# बेनीका विद्यार्थीलाई पढाइसँगै सीप

**पोखरापत्र संवाददाता**
म्याग्दी, ५ जेठ

म्याग्दीको बेनी नगरपालिकाले विद्यार्थीहरूलाई पढाइसँगै सीप सिकाउन 'हामी सक्छौं, हामी गर्छौं' कार्यक्रम सञ्चालन गरेको छ ।

माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूलाई विद्यालयमै सीप सिकाउन थालिएको हो । नगर प्रमुख सुरत केसीले विद्यार्थी र शिक्षालाई सीप र श्रमसँग जोड्न कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो । "माध्यमिक तहको शिक्षा हासिल गरेका विद्यार्थीले आफ्नो रुचिअनुसारको व्यवसाय गरी आयआर्जन र आफ्नो घर, टोल छिमेकमा आवश्यक पर्ने काम गर्न सक्ने बनाउने लक्ष्य छ", उहाँले भन्नुभयो, "गत वर्ष वडाको एक वटा विद्यालयमा सञ्चालन गरिएको कार्यक्रम प्रभावकारी बनेपछि यस वर्ष सबै सामुदायिक माविमा लागू गरेका छौं ।" हाउस वायरिङ, पलम्बिङ, कपाल काट्ने, अतिथि संस्कार, खाना पकाउने, प्रेसर कुकर बनाउनेलगायतका सीपमूलक तालिम सञ्चालन गर्न नगरपालिकाले १६ वटा विद्यालयलाई चालु आर्थिक वर्षमा रु एक/एक लाखका दरले बजेट उपलब्ध गराएको छ । कक्षा ८ देखि १२ सम्म अध्ययन गर्ने विद्यार्थीहरूलाई लक्षित गरेर सीपमूलक तालिम सञ्चालन गरिएको बेनी नगरपालिकाको शिक्षा शाखाका उपसचिव हेमचन्द्र पौडेलले जानकारी दिनुभयो । बिहान बेलुकी विद्यार्थीको अनुकूल समयमा आलोपालो गरेर तालिममा सहभागि हुने व्यवस्था मिलाइएको छ । बेनी नगरपालिकाको १६ वटा सामुदायिक विद्यालयका दुई हजार जनाभन्दा बढी विद्यार्थीहरू सीपमूलक तालिममा सहभागी हुने अपेक्षा गरिएको छ । विद्यालयमा प्रारम्भिक चरणको सीप सिकेका विद्यार्थीलाई अन्य तालिममार्फत क्षमता विकास गरिने नगर उपप्रमुख ज्योति लामिछानेले बताउनुभयो ।

दक्ष, सीपयुक्त जनशक्ति उत्पादन गरेर रोजगारी सिर्जना, स्वरोजगार बन्ने वातावरण बनाउने कार्यक्रम सहयोगी बन्ने नगर उपप्रमुख लामिछानेले बताउनुभयो । म्याग्दीमा पलम्बिङ, वायरिङ, कपाल काट्ने काम गर्ने स्थानीय जनशक्तिको अभाव छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# निर्वाचनका बेला गरेका प्रतिबद्धता पूरा गर्छु: डा कोइराला

**रासस**
नवलपुर, ५ जेठ

नेपाली कांग्रेसका नेता डा शशाङ्क कोइरालाले निर्वाचनको बेला आफूले गरेको प्रतिबद्धता पूरा गर्ने बताउनुभएको छ ।

उद्योग वाणिज्य सङ्घ नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को पाँचौं साधारणसभाको अवसरमा शनिबार गैँडाकोटमा आयोजित कार्यक्रममा उहाँले प्रतिबद्धताअनुसार काम भइरहेको बताउनुभयो । "मैले निर्वाचनका बेला यस क्षेत्रको विकासका लागि केही प्रतिबद्धता गरेको थिएँ, तिमध्ये केही योजना हुने प्रक्रियामा छन् । बाँकी प्रतिबद्धता पूरा गर्न म कटिबद्ध भएर लाग्ने छु", उहाँले भन्नुभयो ।

नारायणी नदी तटबन्धसहितको हरित सडक, बीपी अन्तर्राष्ट्रिय रङ्गशाला, ट्रमा सेन्टरलगायतका पूर्वाधार निर्माण गर्ने प्रतिबद्धता आफूले जनाएको भन्दै ती कामको सुरुआत भइसकेको उहाँको भनाइ थियो । डा कोइरालाले देशको समृद्धिका लागि सबैभन्दा बढी सम्भावनाको क्षेत्र कृषिमा लगानी बढाउन आवश्यक रहेकामा जोड दिनुभयो । "नेपालको समृद्धिका लागि प्रचुर सम्भावनाका रुपमा रहेको कृषि क्षेत्रमा बजेट घट्दै गएको छ । अहिले कूल बजेटको पाँच प्रतिशतका हाराहारीमा यस क्षेत्रको बजेट खुम्चिएको छ । अब कृषि क्षेत्रबाट परिवर्तन ल्याउन सोच परिवर्तन गरेर अगाडि बढ्नुपर्छ", उहाँले भन्नुभयो । कार्यक्रममा गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले आफ्नो पालामा नवलपुरलाई आर्थिक राजधानी बनाउनेगरी कामको सुरुआत गरेको भए पनि त्यसले निरन्तरता पाउन नसकेको बताउनुभयो । उहाँले आफ्नो पालामा नवलपुरको देवचुलीमा औद्योगिक क्षेत्र बनाउने भनेर काम अघि बढाएको भए पनि अहिले सो योजना अलपत्र अवस्थामा पुगेको भन्दै दुःख व्यक्त गर्नुभयो । निजी क्षेत्रलाई लगानीतर्फ आकर्षित गरी सम्भावनाका क्षेत्रमा योजनाबद्ध विकास गरिनुपर्ने उहाँको भनाइ थियो । साधारणसभा उद्घाटनका क्रममा उद्योगी व्यवसायीले युवाहरू विदेश जाने क्रम बढ्दा नेपालको सम्भावनाका ढोका खुल्न नसकेका बताएका थिए । नेपालको शिक्षा पद्धतिका कारण युवा विदेशिने क्रम बढेको भन्दै उहाँहरूले त्यसलाई रोक्नतर्फ सरकारले पहल गर्नुपर्नेमा जोड दिनुभएको थियो । सरकारले लगानीकर्तालाई सुरक्षाको प्रत्याभूति दिन सकेको अवस्थामा देशमा उद्यमशीलता वृद्धि हुने उद्योगीहरूको भनाइ थियो ।

# जैमिनी र तमानमा खायन आलु संरक्षण अभियान

**रासस**
बागलुङ, ५ जेठ

जैमिनी नगरपालिका र ताराखोला गाउँपालिकामा खायन प्रजातिको आलु संरक्षण अभियान थालिएको छ। बजारमा तराईका आलुभन्दा अधिकांशले स्थानीय आलुको माग गर्छन् । त्यसैले स्थानीय तहकै लगानी र कृषि ज्ञान केन्द्रको प्राविधिक सहयोगमा आलु संरक्षणको काम भएको हो ।

जैमिनी-३ को नौला, गाजाको दह, नेपाने बस्तीमा आलु प्रशस्त फल्छ । त्यो आलुलाई व्यावसायिक बनाउन वडा तहमा पहल भएको हो । वडाको अभियानमा पालिकाले साथ दिएको वडा नं ३ का सचिव सिमाना छन्त्यालले बताउनुभयो। यसअघि ताराखोला-४ र ५ मा खायन आलु संरक्षण अभियान सुरु भइसकेको छ । तराईबाट आउने आलु उपभोक्ताले मन पराउन छाडेपछि ग्रामीण आलुले बजार पाएको होटल व्यवसायी अर्जुन चोखाल बताउनुहुन्छ ।

बजारको चाहना बढेकाले उत्पादन बढाउन पहल भएको हो । बागलुङसहित छिमेकी जिल्लाका उपभोक्ताले अचेल ताराखोला, ढोरपाटन र गाजाको आलुको खोजी गर्छन् ।

यसअघि जैमिनी-३ का अधिकांश किसानले अन्नको पैँचोका लागि मात्र आलु प्रयोग गर्थे । अहिले भने बजारसम्म लैजान सहज हुने भएपछि व्यावसायिक रूपमा उत्पादन सुरु भएको हो । "अर्ग्यानिक उत्पादन गर्ने र बजारमा पनि पठाउने योजनाअनुसार किसानले काम गर्नुभएको छ", वडा नं ३ का अध्यक्ष कृष्णबहादुर भुजेलले भन्नुभयो, "उत्पादनअनुसार अनुदानको पनि व्यवस्था छ ।" पछिल्लो समय उत्पादनमा आधारित अनुदान पाउने गरी पालिका र ज्ञान केन्द्रले काम गरेका छन् ।

कृषि ज्ञान केन्द्र बागलुङका बागवानी विकास अधिकृत कुमार पुनले अर्ग्यानिक खायन आलु विस्तार गर्न सकेमा बजारको कमी नहुने बताउनुभयो । "हामीले अहिलेसम्म ताराखोलामा रासायनिक मल सिफारिससम्म गरेका छैनौँ", उहाँले भन्नुभयो, "अन्य केही तोकिएका स्थानमा पनि त्यो चलन छ ।" बागवानी विकास अधिकृत पुनका अनुसार ताराखोलामा मात्रै 'खायन आलु प्रवर्द्धन कार्यक्रम' मा १५ समूहसँग सम्झौता गरेर अनुदान तथा आलु प्रवर्द्धनको कार्यक्रम सञ्चालन भएको छ । जैमिनीमा भने छन्त्याल कृषि समूहले यो काम गरेको हो । साथै अन्य किसानले पनि खायन आलुका लागि काम गरेका छन् । ज्ञान केन्द्रले उत्पादन पछि प्रतिकिलो रु दुई किसानलाई अनुदान दिने गरेको छ । कम्पोष्ट मल प्रयोग गर्दा आलुको गुणस्तर निकै राम्रो भएको पुनले बताउनुभयो । किसानले आलुबाटै मनग्य कमाई पनि गरेका छन् । आलुको बजारसमेत सजिलै पाइएकाले किसानले हरेक वर्ष उत्पादन बढाउने गरेको जनाइएको छ । घरबासका पाहुनालाई खुवाउनेदेखि कोसेली पठाउने काममा पनि ताराखोले आलु प्रयोग हुन्छ ।

# ढाका बुनेर आत्मनिर्भर बन्दै तनहुँका उद्यमी

**पोखरापत्र संवाददाता**
दमौली, ५ जेठ

आँबुखैरेनी गाउँपालिका-३ की रितु थापामगर घरधन्दा सकेर ढाका बुन्नुहुन्छ। चार वर्ष अगाडि ढाका बुनाइसम्बन्धी तीनमहिने तालिम लिएर उहाँ व्यवसायमा लाग्नुभएको हो ।

"तालिम लिएपछि घरमै पाँच महिना कपडा बुनेँ । फेरि दुई महिना दमौली आएर थप तालिम लिएँ", उहाँले भन्नुभयो, "त्यसपछि निरन्तर यही पेसामा छु ।" फुर्सदको समय सदुपयोग गर्दा कामसँगै दाम कमाउन सकिने उहाँको भनाइ छ। व्यवसाय थालेपछि अरुसँग पैसा माग्नुपर्ने बाध्यता हटेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "पैसा चाहिँदा अरुसँग माग्नुभन्दा आफैले कमाउन थालेपछि धेरै सहज भयो । घरायसी कामसँगै ढाका बुन्न सकिने भएकाले अरुलाई पनि उद्यम गर्न आग्रह गर्छु ।"ढाका उत्पादनका लागि आवश्यक कच्चापदार्थ काठमाडौँबाट ल्याउने गरेको उहाँले बताउनुभयो। धागो ल्याएर मागअनुसार ढाका बुन्ने गर्नुभएका उहाँले अहिले सारीको माग धेरै भएको जानकारी दिनुभयो । उहाँका अनुसार ढाकाबाट पछ्यौरा, चोली, कोट, मफलर र कुर्तासुरुवाल बनाउन सकिन्छ।

थापाका अनुसार एउटा सारीका लागि ढाका तयार गर्न तान, धागोलगायत सबै गरी रु तीन हजारसम्म खर्च हुने गरेको छ । रु आठ हजारदेखि रु १२ हजारसम्ममा सारी बिक्री हुन्छ । एउटा सारी बनाउन कम्तीमा १२ दिन लाग्नेगर्छ । आँबुखैरेनी गाउँपालिकाकाअध्यक्षशुक्रचुमानले व्यवसायी बन्न चाहनेलाई गाउँपालिकाले सहयोग गर्ने बताउनुभयो। हरेक व्यक्ति उद्यमी बन्न सकेमात्रै समृद्धि हासिल हुने भएकाले त्यस्ता व्यक्तिले उद्यम गर्न चाहे गाउँपालिकाको सहयोग गर्ने उहाँको भनाइ छ।

यता दमौलीमा ढाका उद्योग सञ्चालन गर्दै आउनुभएका विष्णु चौधरीले बाबुबाजेको पेसा अपनाएर उद्यमी बन्नुभएको छ । व्यास नगरपालिका-२ मा विसं २०६६ माघमा स्थापना भएको निखिल ढाका कपडा उद्योगमार्फत उहाँ सफल उद्यमी बन्नुभएको हो।

ढाकाबाट पहिले टोपी र चोलीमात्र बन्ने गरेपनि अहिले अन्य कपडा बन्न थालेपछि ढाका व्यवसाय फस्टाएको उहाँको भनाइ छ । ग्राहकको मागसँगै ब्लाउज, टोपी, पछ्यौरा, चौबन्दी, दौरासुरुवाल, पाल्पाली ढाका टोपी, तेह्रथुमे साडीको राम्रो व्यापार हुने गरेको चौधरीले बताउनुभयो । उहाँको उद्योगबाट उत्पादित ढाकाका सामग्री यहाँमात्र सीमित छैनन् । जिल्लाकै ग्रामीण भेग, लमजुङ, गोरखा, तेह्रथुम, नारायणगढ, नवलपरासी, काठमाडौँलगायतका ठाउँबाट माग हुने गरेको छ । यहाँ घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकहरूले पनि ढाकाको कपडा किन्ने गरेका छन् । ढाका कोसेली लैजाने संस्कारको विकास गराउन सके व्यापार अझै बढ्ने उहाँले बताउनुभयो ।

जिल्लामा ढाका बुनाइतर्फ आकर्षण बढेसँगै पर्यटन तथा उद्योग कार्यालय तनहुँले दुईमहिने निःशुल्क 'एड्भान्स' ढाका बुनाइ तथा डिजाइन तालिम सुरु गरेको छ । युवायुवतीलाई उद्यमसँग जोड्ने उद्देश्यले वार्षिक कार्यक्रमबमोजिम तालिम सञ्चालन गरिएको निमित्त प्रमुख सुवास पौडेलले जानकारी दिनुभयो ।

# बागलुङमा गर्भपतन गराउने बढे, प्रजनन स्वास्थ्यमा जटिल समस्या

**पोखरापत्र संवाददाता**
बागलुङ, ५ जेठ

बागलुङमा पछिल्लो समय गर्भपतन गराउनेको सङ्ख्यामा वृद्धि भएको छ।

जिल्लाका विभिन्न स्वास्थ्य संस्थाबाट उमेर नपुगी गर्भपतन गराउनेको सङ्ख्या वृद्धि हुन थालेको पाइएको स्वास्थ्य कार्यालय बागलुङले जनाएको छ।

जिल्लाको धौलागिरि अस्पताल, बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्र र गलकोट नगरपालिकासँगै २७ वटा स्वास्थ्य संस्थाबाट सुरक्षित गर्भपतनको सेवा लिन पाइने भन्दै कतिपयले गर्भपतनलाई विकल्पका रूपमा लिन थालेपछि यसको सङ्ख्यामा वृद्धि हुन थालेको स्वास्थ्य कार्यालयका प्रमुख एवं जनस्वास्थ्य प्रशासक बाबुराम आचार्यले बताउनुभयो । उहाँका अनुसार गर्भपतन गराउनेमध्ये २० वर्ष नपुग्दै गराउने अधिक रहेका छन् । निरन्तरको गर्भपतले स्वास्थ्यमा जटिल समस्या ल्याउने, बाँझोपनको समस्या बढाउने भएकाले सुरक्षितरूपमा र आवश्यकता भएमात्रै गर्भपतन गराउनुपर्ने जनस्वास्थ्य प्रशासक आचार्यले जोड दिनुभयो ।

सरकारले जटिल अवस्थाका गर्भवतीलाई गर्भपतनको सुविधा दिए पनि अवैध गर्भाधान गरेकाले यसको फाइदा उठाइरहेका उहाँको भनाइ छ । जिल्लास्थित स्वास्थ्य कार्यालयको तथ्याङ्कअनुसार चालु आर्थिक वर्षको चैत मसान्तसम्म बागलुङका सात सय ९८ महिलाले गर्भपतन गराएका छन् । जसमध्ये २० वर्षभन्दा कम उमेर समूहका २४ जना रहेका आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार २० वर्षभन्दा कम उमेरका २४ मध्ये चार जनाको सर्जिकल माध्यमबाट र २० जनालाई औषधि खुवाएर सुरक्षित गर्भपतन गराइएको हो ।

यो वर्ष १२ हप्ताभन्दा माथिको गर्भपतन गराउनेको सङ्ख्या अत्यधिक वृद्धि भएको छ । गत आर्थिक वर्षमा २० वर्ष माथिका एक जनाको १२ हप्ता माथिको गर्भ औषधि सेवन गरेर पतन गराइएको थियो । "चालु आवमा २० वर्ष माथिका १८ र २० वर्ष कमका दुई जनाले १२ हप्तामाथिको गर्भ औषधि प्रयोग गरेर पतन गराएका छन् । साथै २० वर्ष कम उमेरमा चार जनाको १८ हप्तामाथिको गर्भ उपकरण प्रयोग गरेर पतन गराइएको छ", जनस्वास्थ्य प्रशासक आचार्यले भन्नुभयो । सरकारले गर्भवती महिलाको मञ्जुरीमा १२ हप्तासम्मको गर्भपतन गराउन सक्ने व्यवस्था गरेको छ। स्वास्थ्यकर्मीको परामर्शमा बच्चा जन्माउँदा महिलाको ज्यान खतरामा पर्न सक्ने, विकलाङ्ग, जबर्जस्ती करणी, हाडनातामा करणी, निको नहुने प्रकृतिका रोग लागेको भएमा महिलाकै मञ्जुरीमा २८ हप्तासम्मको गर्भ सुरक्षितरूपमा पतन गराउन मिल्ने कानुनी व्यवस्था ल्याएपछि गर्भपतन गराउनेको सङ्ख्यामा वृद्धि भएको आचार्यको भनाइ छ।

परिवारकै सहमतिमा हुने अधिकांश गर्भपतन जिल्ला बाहिरका स्वास्थ्य संस्था रोज्ने गरिएकाले यो तथ्याङ्क अझै कम रहेको स्वास्थ्य कार्यालय प्रमुख आचार्यले बताउनुभयो । गत आवमा १२ हप्ताभन्दा कमको सुरक्षित गर्भपतन गराउने महिलाको सङ्ख्या एक हजार ८४ थियो । सोमध्ये ७९ जना २० वर्ष कमका र नौ सय ४२ जना २० वर्ष माथिका महिलाले औषधि सेवन गरेका थिए। साथै २० वर्ष माथिका ६२ र कमका एक जनाको उपकरण प्रयोग गरेर गर्भपतन गराइएको थियो।

गाउँघरमा र सरकारले मान्यता नदिएका क्लिनिकबाट गर्भपतन गराउने महिलाको सङ्ख्यासमेत ठूलो हुनसक्ने आचार्यको भनाइ छ। गर्भपतन गराएपछि धेरै रक्तश्राव हुने, दुखाइ धेरै हुने, प्रजनन अङ्गमा समस्या आउने र दोस्रो गर्भ रहन समय लाग्नेलगायत जटिल स्वास्थ्य समस्या देखिएको उहाँले बताउनुभयो । यौनसम्पर्कमा गरिएको हेलचक्रयाइँका कारण महिलाले गर्भपतन गराउने गरेकाले सङ्ख्यामा वृद्धि भएको उहाँको भनाइ छ।

# दमौली-चितवन खण्डको बुद्धसिंह मार्गको स्तरोन्नति गरिँदै

**पोखरापत्र संवाददाता**
तनहुँ, ५ जेठ

दमौलीबाट चितवनको घुमाउनेसम्म पुग्ने बुद्धसिंह मार्गलाई पृथ्वी राजमार्गको वैकल्पिक मार्गका रूपमा विकास गर्न लागिएको छ। पृथ्वी राजमार्गअन्तर्गत डुम्रे-आँबुखैरेनी हुँदै घुमाउने पुग्नभन्दा बुद्धसिंह मार्गबाट २५ किलोमिटर दूरी कम पर्ने भएकाले यस मार्गमा स्तरोन्नतिका काम भइरहेको छ।

व्यास-१ दमौली बसपार्कदेखि आँबुखैरेनी-५ घुमाउनेघाटसम्मको कूल ३४ किलोमिटर लम्बाइमध्ये यस वर्ष १० किलोमिटर पक्की सडक निर्माण गरिने पूर्वाधार विकास कार्यालयले जनाएको छ । यसै चालु आर्थिक वर्षमा सक्ने गरी २०७९ साल भदौ २७ गते निर्माण कम्पनी सफल मैनाचुली जेभीले काम सुरु गरेको हो । दमौली बसपार्कदेखि १० किलोमिटर सुँडेको पुलसम्म सात मिटर चौडाको पक्की सडक निर्माण गरिने पूर्वाधार विकास कार्यालयका डिभिजनल कन्सल्टेन्ट इन्जिनियर अमरेन्द्र यादवले जानकारी दिनुभयो। उक्त सडक यसै आर्थिक वर्षमा सम्पन्न गर्ने लक्ष्य रहेको छ । सङ्घीय सरकारबाट सडक निर्माणका लागि रु ३४ करोड २७ लाख ५४ हजार पाँच सय ६१ बजेट विनियोजन गरिएको छ।

## धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको २१ दिने सार्वजनिक सूचना ।

**(प्रकाशित मिति २०८१/०२/०६)**

यस महालक्ष्मी आर्थिक सहकारी संस्था लि.को पोखरा-९ नयाँबजार कास्कीबाट तपशिल बमोजिम उल्लेखित ऋणीले घर /जग्गा कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको तोकिएको समयावधि भित्रमा तिर्नु, बुझाउनुपर्ने रकम तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक रुपमा तार ताकेता गर्दा साथै पोखरापत्र राष्ट्रिय दैनिकमा मिति २०८०/१०/२४ गते ३५ दिने सूचना तथा दोस्रो पटक मिति २०८०/१२/१ गते १५ दिने र तेस्रो पटक मिति २०८०/१२/१६ गते ७ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई मिति २०८०/१२/२९ गते पोखरापत्र राष्ट्रिय दैनिकमा ३५ दिने धितो लिलामी तथा गोप्य शिलबन्दी पत्र आव्हानको सूचना प्रकाशित गर्दा समेत कुनै शिलबन्दी बोलपत्र नपरेको हुदाँ पुन यो सूचना प्रकाशित गरिएको छ । ऋण सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गर्नु भएकोले संस्थाको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पति जहाँ जे अवस्थामा छ सोही अवस्थामा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली ऐन २०७४ को प्रदेश सहकारी ऐन २०७८ तथा गण्डकी प्रदेश सहकारी नियमावली ऐन २०७६, यस संस्थाको ऋण असुली नीति २०७८ ले दिएका अधिकार प्रयोग गरी नियमानुसार बिक्री, लिलाम गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले सहकारीबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले २१औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु २२ औं दिनका दिन तपसिल स्थानमा खोलिने हुँदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि ऋणी संचालक, धितो जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोल पत्र खोल्न, धितो लिलामको विक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै ऋण अमुलीको कारवाही अन्तर्गत ऋणी संचालक, धितो जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, नियमावली २०७५ र संस्थाको नीति नियम तथा विनियम एवं प्रचलित कानुन बमोजिम ऋणी स्वयं र व्यक्तिगत धनजमानत कर्ताहरुको अन्य चल अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता ऋण रकम असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्याद भित्र संस्थामा सम्पर्क राखि स्थाशिघ्र ऋण भुक्तानी गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्न गराउन हुन समेत हार्दिक अनुरोध गर्दछौं ।

**तपशील**

| | |
|---|---|
| **ऋीणीको नाम : रजनी श्रेष्ठ**<br>बुबा : ओम कुमार श्रेष्ठ<br>श्रीमान : चक्र बहादुर श्रेष्ठ<br>ससुरा : मान बहादुर<br>ठेगाना : पोखरा-४ गैह्रापाटन, कास्की मझेरीपाटन, कास्की | **धन जमानीको नाम : चक्र बहादुर श्रेष्ठ**<br>बुबा : मान बहादुर नगरकोटी<br>बाजे : चक्रमान नगरकोटी<br>ना.प्र.प.: ४२३५/धादिङ<br>मितिः २०५०/११/०८<br>ठेगाना : पोखरा -४, गैह्रापाटन |
| **धन जमानीको नाम : सबिता कर्माचार्य**<br>बुबा : भक्त मान श्रेष्ठ<br>बाजे : भिम नारायण श्रेष्ठ<br>श्रीमान : प्रबिन कर्माचार्य<br>ना.प्र.प.:४६१००१/१७१७७ कास्की<br>मितिः २०६८/०८/०९<br>ठेगाना : पोखरा -९, बगालेटोल, कास्की | **धन जमानीको नाम : ऋचा श्रेष्ठ**<br>बुबा : चक्र बहादुर श्रेष्ठ<br>बाजे : मान बहादुर नगरकोटी<br>ना.प्र.प.: ४६-०१-७५-०६६३०<br>कास्की मितिः२०७५/१०/०२<br>ठेगानाः पोखरा ४,गैह्रापाटन, कास्की |

**धितो विवरण**

| क्र.स | घर/जग्गा धनी | घर/जग्गा रहेको ठेगाना | कि.न | क्षेत्रफल/वर्गमीटर |
|---|---|---|---|---|
| १ | **रजनी श्रेष्ठ**<br>ना.प्र.नं. ४६-०१-७३-०७६१०<br>मितिः २०७३/०९/०५ कास्की | पोखरा -१८, कास्की | ७१ | ०-०-०-०/<br>१५५.९७ |

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरुः**

१. बोलपत्र फारम यस महालक्ष्मी आर्थिक सहकारी संस्था लि.को कार्यालय समय भित्र रु. १,०००।- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइ सक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन संस्था विदा परेमा विदाको लगत्तै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगत्तै संस्था खुलेको दिन दउँसो ठिक २:०० बजेसम्ममा कारोवार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफूले सकार गरि लिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकम सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस संस्थाको नाममा खिचिएको डाफ्ट/नगद जम्मा संस्था भौचर समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. बढी रकम बोल गर्नेको बोलपत्र स्वीकृत भएमा संस्थाको नियम अनुसार बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रक्रिया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
७ कुनै पनि अवस्थामा लिलाम प्रक्रिया रद्ध गर्न वा बोलपत्र स्वीकृत गर्ने नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार संस्थागत सुरक्षित रहनेछ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरक्षण गर्न चाहनु हुने महानुभावहरुले यस संस्थामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. सहकारी ऐन २०७४ को परिच्छेद १४ को दफा ७९ को उपदफा (६) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम संस्थालाई चित्त बुझ्दो नभएमा प्रचलित सहकारी ऐन, नियमावली, कानुन तथा आफ्नो नियम अनुसार संस्थाले उक्त सम्पति सकार गरी स्वामित्व आफुमा लिन/ अधिनमा राख्न सक्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी वक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइ सकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ। धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन ।
१२. लिलाम बोलकबोल गरेको रकम या धरौटी बापत बुझाएको रकममा कुनै व्याज प्रदान गरिने छैन । साथै लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
१३. शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य सर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

**पूनश्च**: उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैंले सकार गर्दा साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभइ कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कतै उजुरबाजुर गर्न पाउनु हुने छैन।

**महालक्ष्मी आर्थिक सहकारी संस्था लि.**
**पोखरा-९, नयाँबजार, कास्की**
**फोन नं.: ०६१-५८९५३७,५८९३९१**